आँबुखैरेनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्याः ०८१/०८२
चलानी नं.: १८८६

मितिः २०८२।०३।३१

श्री कर्मचारी/जनप्रतिनिधि ज्यूहरु (सबै)
आँबुखैरेनी गाउँपालिका।

विषयः सम्पति विवरण पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०, को उपदफा (१) बमोजिम "सार्वजनिक पद धारण गरेको व्यक्तिले, पद धारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पतिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय/अधिकारी समक्ष पेश गर्नुपर्ने छ" भन्ने व्यवस्था भए बमोजिम यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुले आ.ब. २०८१।०८२ को सम्पति विवरणको खामबन्दी तोकिएको समायावधि भित्र यस कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन अनुरोध छ। सम्पती विवरण फाराम यस कार्यालयको वेवसाइट aanbookhairenimun.gov.np, राष्ट्रिय निजामती किताबखानाको वेवसाइट www.pis.gov.np र आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा उपलब्ध छ।

क. सम्पति विवरण बुझाउने खाममा लेख्नुपर्ने विवरणको ढाँचा (कर्मचारीका लागि)

| आ.ब. २०८१।०८२ को सम्पति विवरण | |
|---|---|
| कर्मचारीको संकेत नं. : | श्रेणी/तह : |
| नाम/थरः | कार्यरत कार्यालयः आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय |
| पदः | मोबाइल नं. : |
| सेवा/समूहः | इमेल ठेगानाः |

ख. सम्पति विवरण बुझाउने खाममा लेख्नुपर्ने विवरणको ढाँचा (जनप्रतिनिधिको लागि)

| आ.ब. २०८१।०८२ को सम्पति विवरण | |
|---|---|
| नाम/थर | प्रदेशः |
| जिल्लाः | कार्यरत कार्यालयः आँबुखैरेनी गाउँपालिका |
| हालको पदः | वडा नं. : |
| सेवा/समूहः | इमेल ठेगानाः |
| मोबाइल नं. : | इमेल ठेगानाः |

पुनश्चः-सम्पूर्ण जनप्रतिनिधि/कर्मचारीको सम्पति विवरण मिति २०८२।०४।३१ गते भित्र यस कार्यालयमा आइपुग्ने गरी पेश गर्नुपर्ने छ। तोकिएको समयमा सम्पति विवरण पेश हुन नआएमा सोको जिम्मेवार सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारी नै रहने व्यहोरा समेत सबैको जानकारीका लागि अनुरोध छ।

(शर्मिला अधिकारी)
प्रशासकीय अधिकृत

शर्मिला अधिकारी
प्रशासकीय अधिकृत

बोधार्थः श्री सूचना प्रविधि शाखाः वेवसाइटमा सूचना अपलोड गरिदिनुहुन।


Scanned with CamScanner